14 July, 2026

National News

मुख्य समाचार-

1. रक्षामन्त्री राजनाथ सिंहल े गराउनु भयो नयाँ दिल्लीस्थित राष्ट्रिय युद्ध स्मारकबाट १३ दिने शौर्य विजय यात्राको सुभारम्भ
2. रेलमन्त्री अश्विनी वैष्णवद्वारा सम्पूर्ण जग्गा अधिग्रहण प्रक्रिया व्यवस्थापन गर्न रेल भूमि पोर्टल सुरु गरिने घोषणा

3. मन्त्री प्रल्हाद जोशीको अध्यक्षतामा नयाँ दिल्लीमा देशको खाद्यान्न भण्डारण प्रणालीको समीक्षा बैठक सम्पन्न
4. संयुक्त राष्ट्र सुरक्षा परिषद्को अस्थायी सदस्यको रूपमा २०२८-२९ कार्यकालका लागि विदेश मन्त्री डा. एस. जयशंकरले गर्नुभयो भारतको उम्मेदवारी प्रस्तुत

5. आधुनिक कतारका निर्माता स्वर्गीय अमिर शेख हमदलाई श्रद्धाञ्जली अर्पण गर्न संसदीय मन्त्री किरेन रिजिजु दोहा प्रस्थान

1. प्रधानमन्त्री: डुङ्गा दुर्घटना

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालको दक्षिण २४ परगना जिल्लामा डुङ्गा पल्टिँदा भएको घटनाप्रति गहिरो समवेदना व्यक्त गरेका छन्। प्रधानमन्त्रीले मृतकका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट प्रतिव्यक्ति २ लाख र घाइतेलाई प्रतिव्यक्ति ५०,००० रुपैयाँ राहत दिने घोषणा गर्नुभएको छ।

२ जुलाईमा शंकरपुर बन्दरगाहबाट निस्केको १५ जना माझी बोकेको डुङ्गा ५ जुलाईमा सम्पर्कविहीन भयो। कोस्ट गार्ड, नौसेना र राज्य एजेन्सीहरूको संयुक्त अभियानले १२ जुलाईमा बंगालको खाडीमा डुङ्गा फेला पारेको थियो। नौ जना माझीको शव निकालिएको छ भने छ जना अझै बेपत्ता छन्। राज्यका मत्स्यपालन मन्त्री राजेश महतोले डीएनए परीक्षण र कानुनी प्रक्रिया पूरा भएपछि शव परिवारलाई हस्तान्तरण गरिने बताउनु भयो। उहाँले प्रभावित परिवारलाई यो कठिन समयमा राज्य सरकार उनीहरूको साथमा रहेको आश्वासन दिनुभयो।

## 2. राजनाथ-मोटरसाइकल

रक्षामन्त्री राजनाथ सिंहले नयाँ दिल्लीस्थित राष्ट्रिय युद्ध स्मारकबाट १३ दिने शौर्य विजय यात्राको सुरुवात हरियो झण्डा देखाएर गर्नुभयो। यस अवसरमा आफ्नो सम्बोधनमा श्री सिंहले यो अभियानले जनतामा, विशेष गरी युवाहरूमा देशभक्तिको भावना पुन: जागृत गर्ने विश्वास व्यक्त गर्नुभयो।
यसैक्रममा उहाँले राष्ट्रको स्वतन्त्रता र सम्मानको रक्षामा मात्र सीमित नभइ जनताको सम्झना तथा मूल्यमान्यतामा पनि निहित छ भन्ने सन्देश शौर्य विजय यात्राले दिनेछ भन्नुभयो।

## 3. रेलमन्त्री अश्विनी वैष्णवको ब्रीफिंग

रेलमन्त्री अश्विनी वैष्णवले सम्पूर्ण जग्गा अधिग्रहण प्रक्रिया व्यवस्थापन गर्न रेल भूमि पोर्टल सुरु गरिने घोषणा गर्नुभएको छ। भारतीय रेलवेलाई आधुनिकीकरण गर्ने उद्देश्यले सुधारहरूबारे नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिँदै श्री वैष्णवले आफ्नो मन्त्रालयले निर्माण क्षेत्र सहित धेरै सुधारहरू लागू गरेको बताउनु भयो। उहाँले मल अब कन्टेनरमा ओसार्न सकिने बताउँदै पावर प्लान्टहरूमा उत्पन्न हुने फ्लाई खरानी अब कन्टेनरमा ओसारी यसको मसिनो धुलोले वातावरणलाई प्रदूषित गर्नबाट बञ्चित गर्ने बताउनु भयो।

श्री वैष्णवले कन्टेनर नीति अन्तर्गत एकीकृत अनुमतिपत्र प्रणालीको पनि आज घोषणा गर्नुभयो। यसका साथै उहाँले वैगन, मालवाहक रेल कोचहरू अब उद्योगद्वारा डिजाइन गर्न सकिने र कुनै पनि डिजाइनर अथवा निर्माताले नयाँ वैगन डिजाइन प्रस्ताव गर्न सक्छन् भन्नुभयो।

## 4. प्रल्हाद जोशी - समीक्षा बैठक

उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्री प्रल्हाद जोशीले आज नयाँ दिल्लीमा देशको खाद्यान्न भण्डारण प्रणालीको समीक्षा बैठक गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री जोशीले बैठकले प्रस्तावित भण्डारण नीति र निजी उद्यमी ग्यारेन्टी (PEG) योजनाको समीक्षा गरेको बताउनुभयो। उहाँले क्षेत्रीय भण्डारण असन्तुलन, अतिरिक्त खाद्यान्नको भण्डारण, भण्डारण क्षमताको राम्रो उपयोग तथा विद्यमान किनमेल प्रणाली अनुरूप भण्डारण मापदण्डमा परिवर्तन जस्ता मुद्दाहरूमा छलफल भएको उल्लेख गर्नुभयो।
श्री जोशीले यी सुधारहरूले अझ प्रभावकारी, वैज्ञानिक र भविष्यमैत्री भण्डारण प्रणाली सिर्जना गरेर देशको खाद्य सुरक्षालाई अझ बलियो बनाउने लक्ष्य राखेको अवगत गराउनु भयो।

5. संयुक्त राष्ट्र सुरक्षा परिषद् - भारत

भारतले संयुक्त राष्ट्र सुरक्षा परिषद्को अस्थायी सदस्यको रूपमा २०२८-२९ कार्यकालका लागि आधिकारिक रूपमा आफ्नो चुनावी अभियान सुरु गरेको छ।

न्युयोर्कस्थित संयुक्त राष्ट्र मुख्यालयमा, विदेश मन्त्री डा. एस. जयशंकरले "शान्ति" दृष्टिकोणको अनावरण गर्दै भारतको उम्मेदवारी प्रस्तुत गर्नुभयो। उहाँले वर्तमान विश्वव्यापी परिस्थितिमा संयुक्त राष्ट्र संघको भूमिका पहिलाभन्दा बढी महत्त्वपूर्ण रहेको बताउनु भयो। यसका साथै डा. जयशंकरले संयुक्त राष्ट्र शान्ति मिसनहरूमा भारतले निर्वाह गरेको महत्त्वपूर्ण योगदानहरूको पनि उल्लेख गर्नुभयो।

6. किरेन रिजिजु - दोहा

संसदीय तथा अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजु कतारका अमिर शेख हमद बिन खलिफा अल थानीको दुःखद निधनमा भारत सरकार र जनताका तर्फबाट समवेदना व्यक्त गर्न आज दोहा प्रस्थान गर्नुभएको छ।

विदेश मन्त्रालयले आधुनिक कतार निर्माणमा अमिरले महत्वपूर्ण भूमिका खेलेको र भारतको घनिष्ठ मित्र रहेको बताएको छ। मन्त्रालयले भारत-कतार सम्बन्धलाई सुदृढ पार्न अमीरको अमूल्य योगदानका लागि उहाँलाई सधैं सम्झिने बताएको छ।

स्मरण गराइन्छ कि, 74 वर्षयीय अमिर शेखको देहवसान गत 12 जूलाईका दिन भएको थियो।

7.विदेश मन्त्रालय

भारतले पश्चिम एसियामा भएका घटनाक्रमहरूलाई नजिकबाट नियालिरहेको छ। भारतले फेरि एक पटक होर्मुज जलडमरूबाट सुरक्षित र निर्बाध आवागमन र व्यापारको लागि आह्वान गरेको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले नयाँ दिल्लीमा विश्वभरीका मानिसहरूको आर्थिक र ऊर्जा सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण छ भन्नुभयो। उहाँले विदेश मन्त्रालयले इरानी उपप्रमुख मिसनलाई बोलाएर भारतको गहिरो चिन्ता व्यक्त गर्दै उक्त घटनाप्रति कडा निन्दा गर्नुभयो ।

उहाँले भन्नुभयो, एकजना भारतीय नागरिकले आफ्नो ज्यान गुमाउनु परेको छ र धेरै भारतीयहरू गम्भीर घाइते भएको छ। प्रवक्ताले कडा विरोध जनाउँदै यी आक्रमणहरू सकेसम्म

चाँडो बन्द गरिनुपर्ने यसबाहेक, तनाव कम गरिनुपर्छ र पश्चिम एसियामा शान्ति एवम् स्थिरता सुनिश्चित गर्न दुवै पक्षले वार्ता, संवाद र कूटनीति अपनाउनुपर्छ भन्नुभयो।

## 8. झारखण्ड माओवादी पक्राउ

झारखण्डको लातेहार जिल्ला प्रहरीले प्रतिबन्धित सीपीआई (माओवादी) का क्षेत्रीय कमाण्डर रवीन्द्र गान्झुलाई गरे पक्राउ

झारखण्डको लातेहार जिल्ला प्रहरीले प्रतिबन्धित सीपीआई (माओवादी) का क्षेत्रीय कमाण्डर रवीन्द्र गान्झुलाई पक्राउ गरेको छ। गान्झुको लागि २० लाख रुपैयाँको इनाम घोषणा गरिएको थियो। झारखण्ड प्रहरीले १५ लाख रुपैयाँको इनाम घोषणा गरेको थियो भने राष्ट्रिय अनुसन्धान एजेन्सीले ५ लाख रुपैयाँको इनाम घोषणा गरेको थियो।

प्रहरीका अनुसार, गान्झु २२ नोभेम्बर, २०१९ मा चाँदवाको लुकुइया मोड नजिकै प्रहरी टोलीमाथि भएको माओवादी आक्रमणको मुख्य अभियुक्त हो, जसमा चार प्रहरी मारिएका थिए।

## 9. FIFA सेमिफाइनल-१६००

आज राति १२:३० बजे टेक्सासमा फिफा विश्वकपको पहिलो सेमिफाइनलमा फ्रान्स र स्पेन आमनेसामने हुनेछन्। फ्रान्स लगातार तेस्रो पटक फाइनलमा पुग्ने लक्ष्यमा छ। यसैबीच, २०१० को विश्वकप विजेता स्पेन पनि पुनः  फाइनलमा पुग्ने लक्ष्यमा छ।

फिफा विश्वकपको दोस्रो सेमिफाइनल भोलि अर्जेन्टिना र इङ्ल्याण्डमाझ भिडन्त हुनेछ। यो खेल भोलि राती १२:३० मा खेलिने।